नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन

Copyright Bulletin

सूचना तथा सचेतनाका लागि

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको चौमासिक प्रकाशन

असार २४, २०७२ Volume 9, Issue 25 July.9, 2015

## यस भित्र

प्रतिलिपि अधिकारका............ २
नेपाल प्रतिलिपि अधिकार........ २
प्रतिलिपि अधिकारः संक्षिप्त चिनारी (लेख) ३
मध्यपश्चिमाञ्चलको दाङमा ......... ३
नेपालगंजमा क्षेत्रीय गोष्ठी ४
विश्व पुस्तक दिवस ४
रुपन्देही (भैरहवा-वुटवल)मा प्रतिलिपि अधिकार उल्लंघनको अनुगमन ६
"प्रतिलिपि अधिकार कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु" विषयक गोष्ठी ७
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोध ७
रचना दर्ता ८
सम्पादकीय ८
कलाकारहरुलाई परिचय पत्र.... ६

सम्पादक समूहः

बाबुराम गौतम

जुनु हमाल ढकाल

सुष्मा पोखरेल

डिजाइन तथा कम्प्युटर

दिपेन्द्र कक्षपती

टेकनारायण महर्जन

www.nepalcopyright.gov.np

यदि तपाईंसँग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

# प्रहरी अधिकृतहरुलाई प्रतिलिपि अधिकार तालिम



नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले बदलिंदो समयक्रम र प्रविधिको पदचापलाई पछ्याउदैं बिभिन्न विधामा कलम चलाउने स्रष्टा सर्जकको अधिकार उल्लंघन रोक्ने दायित्व भए बमोजिम बिभिन्न अन्तर्राष्ट्रिय महासन्धी, सन्धी तथा अनुवादहरुमा जनाएको प्रतिवद्धता अनुसारको कार्य गर्दै आइरहेको छ । पछिल्लो समयमा हालै विकसित सूचना प्रविधिजन्य तथा Digital Matter को संरक्षणको लागि नेपाल प्रहरीका अधिकृतहरुलाई तालिम प्रदान गरी प्रतिलिपि अधिकार उल्लंघनको अनुसन्धान कार्यमा प्रत्यक्ष रुपमा नेपाल प्रहरीका अधिकृतहरु संलग्न हुनुपर्ने भएको हुंदा पुर्वाञ्चल क्षेत्र अन्तर्गत बिभिन्न प्रहरी कार्यालयहरुमा कार्यरत प्रहरी अधिकृतहरुका लागि मिति २०७१।११।२५ र २६ मा पूर्वाञ्चलको विराटनगरस्थित रत्ना होटलमा प्रतिलिपि अधिकार कानून कार्यान्वयन विषयक दुई दिवसीय आवासीय तालिम कार्यक्रम सञ्चालन गरिएको थियो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री भरतमणि सुवेदीज्यूको प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा मोरङ जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी श्री प्रेम प्रसाद लुइटेल, नेपाल प्रहरीका नायव महानिरीक्षक श्री महेश सिंह कठायत, जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरिक्षक श्री तारिणी प्रसाद लम्साल, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बाबुराम गौतम, उपप्राध्यापक तथा कपिराइट विज्ञ श्री राज कुमार सुवाल लगायत नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका कानून अधिकृत श्री टंक बहादुर महत, कम्प्युटर अधिकृत श्री टेक नारायण महर्जन, ना.सु. श्री दिपक कुमार दाहाल तथा लेखापाल श्री ध्रुव प्रसाद ढकालको सहभागिता रहेको थियो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कानून अधिकृत श्री टंक बहादुर महतले कार्यक्रममा उपस्थित सबैलाई स्वागत गर्दै राज्य व्यवस्थामा कानून कार्यान्वयन गर्न बिभिन्न निकायहरुको व्यवस्था गरिएको हुन्छ सोही अनुरुप नेपाल प्रहरीले जनताको जिउधनको सुरक्षा देखि लिएर बिभिन्न किसिमको कानून उल्लंघनको घटनाहरु अनुसन्धान गर्नुपर्ने हुन्छ, जस अन्तर्गत प्रतिलिपि अधिकार उल्लंघन पनि एउटा प्रमुख मुद्दा हो । प्रतिलिपि अधिकार एवं सगम्र बौद्धिक सम्पत्ति अधिकार व्यवस्थालाई आर्थिक प्राविधिक विकासका एउटा मेरुदण्डको रुपमा हेरिने भएको हुंदा प्रतिलिपि अधिकारको कार्यान्वयन प्रभावकारी बनाउन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले बिभिन्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको कुरा स्वागत मन्तव्यका क्रममा राख्नु भएको थियो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री भरतमणि सुवेदीज्यूले प्रतिलिपि अधिकारको उल्लंघन गरेमा जरिवाना तथा कैद सजाय हुने र

बाँकी पृष्ठ ५ मा



# 'प्रतिलिपि अधिकारका विविध विषयक अन्तरक्रिया'

प्रतिलिपि अधिकारको विषयमा देशका विभिन्न क्षेत्रमा रहेका स्रष्टा, सर्जक यसका प्रयोगकर्ता, व्यवसायी, कानून कार्यान्वयन निकायका जनशक्ति आदिलाई प्रतिलिपि अधिकारको विषयमा जानकारी गराउनको लागि तालिम/गोष्ठी/अन्तरक्रिया सञ्चालन गरिदैं आएको छ । यसै विषयको निरन्तरताको रुपमा काठमाडौंमा वि.स. २०७१/७/२४ गते "प्रतिलिपि अधिकारका विविध पक्षहरु" विषयक अन्तरक्रिया सञ्चालन भएको थियो । मूलत: प्रतिलिपि अधिकारसँग सम्बन्धीत संघ संस्था तथा निकायहरु र तिनमा संलग्न पदाधिकारी कर्मचारी तथा प्रतिलिपि अधिकार धनीहरुको क्षमता विकास गराउने उदेश्यले सो कार्यक्रम सञ्चालन भएको थियो ।




संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री मोहन कृष्ण सापकोटाको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य श्री दिनेशराज पन्त अतिथिको रुपमा रहनु भएको थियो । सो अन्तरक्रियामा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बाबुराम गौतमले कार्यक्रममा उपस्थित सवैलाई स्वागत गर्दे स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा रोयल्टी संकलन समाज, प्रस्तोता समाजका प्रतिनिधिहरु, चलचित्र क्षेत्रसँग सम्बन्धित संस्थाहरु,पुस्तक विक्रेता संघका प्रतिनिधिहरु विज्ञापन संघका प्रतिनिधि लगायत ६० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बाबुराम गौतमले "प्रतिलिपि अधिकार नेपालमा यस सम्बन्धी व्यवस्था र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले गरेका कार्यहरु" विषयक कार्यपत्र प्रस्तुतिका क्रममा उहाँले प्रतिलिपि अधिकारको अन्तर्राष्ट्रिय अभ्यासलाई विश्लेषण गर्दै नेपालमा यसमा रहेका समस्याहरुको उल्लेख गर्नुका साथै समस्या समाधानका लागि कार्यालयले गरेका कार्यहरुको बारेमा प्रष्ट पार्नुभएको थियो । त्यस्तै कार्यपत्र प्रस्तृतिकै क्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री मोहनकृष्ण सापकोटाज्यूले मानवीय मन मस्तिष्कको रचना बौद्धिक सम्पति भएको र यसमा साहित्य, कलात्मक कार्यका साथै आविश्कारहरु पनि पर्छन् भन्दै बर्तमान अवस्थामा प्रतिलिपि अधिकारका क्षेत्रमा देखिएका समस्याहरुका बारेमा उल्लेख गर्दै भविष्यमा प्रतिलिपि अधिकार संरक्षणको लागि पाइरेसीलाई नियन्त्रण गर्नुको साथै अन्य सन्धि/सम्झौताको अध्ययन गरी नेपाल त्यसमा पक्ष राष्ट्र हुनको लागि प्रक्रिका अगाडि बढाउनु पर्ने कुरा बताउनुभयो । त्यसैगरी कार्यपत्र प्रस्तुतकै क्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका शा.अ. श्री मोहन कोइरालाज्यूले "Role and responsibilities of different organization in the Protection of Copyright" विषयमा कार्यपत्र गर्दै नेपालमा प्रतिलिपि अधिकार उल्लंघन हुने अवस्था र प्रतिलिपि अधिकार उल्लंघन कारणहरुबारेमा चर्चा गर्दै यसको नियन्त्रणका लागि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले खेलेको भूमिका बारे उल्लेख गर्नुभएको थियो भने श्री राजनराज पन्तज्यूले "Digital Piracy and Copyright" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

अन्तरक्रियात्मक छलफलमा रोयल्टी संकलन, पाइरेसी नियन्त्रण, प्रतिलिपि अधिकार उल्लंघन र डिजिटल प्रविधिले पारेको समस्या आदि विषयमा छलफल भएको थियो ।

---

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा आयोजित
### प्रतिलिपि अधिकार विविध पक्ष विषयक एक दिवसीय अर्न्तक्रिया कार्यक्रम

मानव मष्तिष्कबाट वा मानवीय बुद्धिबाट सृजित सिर्जना तथा रचनाहरुमा प्रतिलिपि अधिकारको संरक्षण र सर्जकहरुको आर्थिक तथा नैतिक अधिकारको संरक्षणका लागि जनचेतना अभिबृद्धि गराउन आवश्यक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । प्रतिलिपि अधिकारसँग सम्बन्धित सेमिनार, गोष्ठी, तालिम आदि कार्यक्रमहरु सञ्चालन गर्ने कार्यालयको प्रमुख उद्देश्य रहेको हुँदा श्रष्टा सर्जकहरुद्धारा तयार पारिएका बौद्धिक सिर्जनाहरुको सम्बर्द्धन गर्दै उनीहरुको हक अधिकारलाई संरक्षण र प्रबर्द्धन गर्ने र प्रतिलिपि अधिकारको हननलाई कारवाहीको दायरा भित्र ल्याई श्रष्टा सर्जकहरुको हकअधिकार स्थापित गर्ने उद्देश्यले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले २०७१ माघ २२ गते रुपन्देही जिल्लाको वुटवलमा प्रतिलिपि अधिकार सम्बन्धी विविध पक्षका सम्बन्धमा एक दिवसीय अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरेको थियो ।

कार्यक्रममा कार्यक्रम संचालन, उद्घोषण, सहभागीहरुको नाम दर्ता लगायतका कार्यहरु



कार्यालयका लेखापाल श्री ध्रुव प्रसाद ढकालले गर्नु भएको थियो । साथै उहांले कार्यालयबाट प्रकाशित वुलेटिन, कार्यपत्र तथा अन्य लेखन टिपोट सामग्रीहरु सहभागीहरुलाई वितरण गरी प्रतिलिपि अधिकार दर्ता सम्बन्धी प्रक्रियाहरु सहभागीहरुलाई जानकारी गराउनु भएको थियो ।

प्रस्तुत कार्यक्रम यस क्षेत्रमा आयोजना गरिएको व्यहोरा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका प्रमुख श्री बाबुराम गौतमज्यूले उक्त कार्यक्रममा सहभागीहरुलाई जानकारी गराउँदै सहभागीहरुलाई आफ्ना समस्या, जिज्ञासा राख्न अनुरोध गर्नु भएको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार बाबुराम गौतमले कार्यपत्र प्रस्तुत गर्दै बौद्धिक सम्पत्ति, बौद्धिक सम्पत्तीको वर्गीकरण, प्रतिलिपि अधिकार र यसको क्षेत्र, प्रतिलिपि अधिकारको स्वामित्व, स्वरुप, आर्थिक अधिकार, नैतिक अधिकार, सम्बन्धित अधिकार (Related Rights), प्रस्तोता

बाँकी पृष्ठ ६ मा

लेख

# प्रतिलिपि अधिकार : संक्षिप्त चिनारी



- बाबुराम गौतम
रजिष्ट्रार

कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको दृश्य वा अदृश्य मूल्यवान् वस्तुविशेष सम्पत्ति हो भने यसमा धन, घर सम्पत्ति तथा बौद्धिक सिर्जनाहरु पर्दछन् । वस्तुत: मानव मस्तिष्कको सिर्जनालाई बौद्धिक सम्पत्ति भनिन्छ र यसमा साहित्य, कला, वैज्ञानिक कार्य, आविष्कार, पेटेन्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक संकेतन (Indication) आदि पर्दछन् । बौद्धिक सम्पत्ति अधिकार भनेको उक्त सिर्जनाहरुका सिर्जनाकारलाई प्राप्त अधिकार हो र बौद्धिक सम्पत्तिको एउटा महत्वपूर्ण हांगोका रुपमा प्रतिलिपि अधिकार रहेको पाइन्छ । अत: प्रतिलिपि अधिकार भनेको सिर्जनाकर्ता (Creator) लाई प्राप्त अधिकार हो । निश्चित समयसम्म सिर्जनाकर्ता वा उ द्वारा अधिकार प्राप्त अधिकारी वा संस्थाको अनुमति विना प्रतिलिपि गर्न निषेध गरिएको छ ।

नेपालमा बौद्धिक सम्पत्तिलाई हेर्ने सरकारी संरचना पनि रहेको पाइन्छ । प्रतिलिपि अधिकार हेर्ने कार्य संस्कृति, पर्यटन था नागरिक उड्डयन मन्त्रालय अन्तर्गत रहेको नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले गर्दछ भने पेटेन्ट, डिजाइन, ट्रेडमार्कको काम उद्योग मन्त्रालय अन्तर्गत स्थापित उद्योग विभागको कार्यक्षेत्रमा पर्दछ ।

संयुक्त राष्ट्र संघका घोषणापत्रहरु, महासन्धिहरु र प्रतीज्ञापत्रहरुको पृष्ठभूमि र त्यहां रहेका प्रावधानहरुको अनुकूल हुने गरी राष्ट्रिय कानूनहरुको निर्माण गरेर बौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्दछ । विश्व व्यापार संगठनको सदस्यता नेपालले सन् २००४ मा लिएको हो भने वर्न महासन्धिको पक्ष राष्ट्र सन् २००६ देखि भएको र नेपाल प्रतिलिपि अधिकार ऐन २०५९ र तत्सम्बन्धी नियमावली २०६१ अनुरुप नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना (२०६१) गरी रचनाकारहरुको प्रतिलिपि अधिकार संरक्षणमा नेपाल सरकार विशेष सचेत रहेको पाइन्छ । प्रतिलिपि अधिकार हाम्रो देशमा साथै संस्कृतिको एउटा भागका रुपमा रहदै आएको हुंदा संस्कृति मन्त्रालय अन्तर्गत रहदै आएको छ ।

**प्रतिलिपि अधिकारको क्षेत्र**

- लेखन कार्य (Written works) : कविता, नाटक, उपन्यास, कथा, निवन्ध आदि
- सांगीतिक कार्य (Musical works) : गीत-संगीत आदि
- कलात्मक कार्य (Artistic works) : चित्रकला, मूर्तिकला, फोटोग्राफी, नक्शा, रेखाचित्र आदि
- नाट्य कार्य (Dramatic works) : नाटक, नृत्य आदि
- कोरियोग्राफिक कार्य (Choreographic works)
- चलचित्रजन्य कार्य (Cinematographic works) :चलचित्र, टेलिभिजन कार्यक्रम, भिडियो गेम आदि
- फोटोजन्य रचना (Photographic arts) : फोटो/चित्र आदि

आफ्नो सिर्जनामा रचयिताको एकलौटी अधिकार हुन्छ र यो अधिकार नैतिक र आर्थिक गरी दुई प्रकारको हुन्छ । आफ्नो रचनामा नाम उल्लेख गर्ने, बङ्ग्याउनबाट रोक्ने, रचनाकारले आर्जन गरेको सम्मान र ख्यातिलाई गिराउने कार्य रोक्ने, रचनामा आवश्यक संशोधन र परिमार्जन गर्ने आदि अधिकार नैतिक अधिकार हो भने रचना पुनउत्पादन गर्ने, अनुवाद गर्ने, परिमार्जन वा संशोधन गर्ने, बिक्री वितरण गर्ने, बहालमा दिने, प्रस्तुति गर्ने, प्रसारण गर्ने आदि अधिकार आर्थिक हो । नैतिक अधिकार हस्तान्तरण हुन सक्दैन भने आर्थिक अधिकार रचनाकारले हस्तान्तरण गर्न, बेच्न वा अन्यलाई दिन सक्छ ।

मूल रचनाकारको अधिकार प्रतिलिपि अधिकार हो भने मूल रचनालाई सर्वसाधारण सम्म पुऱ्याउने काम गर्दा प्राप्त हुने अधिकार सम्बद्ध अधिकार (Related Rights) हो । प्रस्तोता, ध्वनि अंकन उत्पादक र प्रसारक संस्थालाई यस प्रकारको अधिकार प्राप्त हुन्छ । गीतकारले रचेको गीतमा संगीत र शब्द दिने कलाकारको अधिकार चाहिं सम्बद्ध अधिकार हो । यस्तो अधिकारको अवधि नेपालमा रचनाहरु र सम्बद्ध अधिकारको हकमा पचास बर्षसम्म रहन्छ । फोटोग्राफीको भने पच्चीस बर्षसम्म रहने व्यवस्था छ । प्रतिलिपि अधिकार कसैले हनन् गर्न पाइदैन । उत्पादक, प्रसारक र बिक्री वितरणकर्ताले कसैको रचना अधिकार प्राप्त नगरीकन बजारमा लैजान पाइदैन र त्यसो गरेमा प्रतिलिपि अधिकारको हनन् हुन्छ । यो हननका रुपहरु धेरै प्रकारका हुन सक्छन् । प्रतिलिपि अधिकार हनन् गरेमा पहिलो पटक रु. १०,०००/- देखि रु. १,००,०००/- जरिवाना वा ६ महिना कैद वा दुबै दण्ड सजाय हुने र सामग्रीहरु जफत गर्ने व्यवस्था छ । पुन: हनन गरे दुई गुणा दण्ड जरिवाना हुने प्रावधान छ । प्रतिलिपि अधिकार हननको अनुसन्धान तहकिकात कम्तीमा प्रहरी निरीक्षक स्तरको प्रहरी अधिकृतले गर्ने, सरकारवादी फौजदारी मुद्दा हुने र जिल्ला अदालतमा मुद्दा चल्ने व्यवस्था छ । अत: देशको विकासका लागि प्रतिलिपि अधिकारको संरक्षण गर्नु पर्दछ र कानूनको पालना गर्नु पर्दछ ।

# मध्यपश्चिमाञ्चलको दाङमा वृहत् स्रष्टा भेला कार्यक्रम



- विपिन किरण

गीतकार सङ्घ नेपाल मिति २०६७ जेष्ठ १४ गतेका दिन जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत रुपमा दर्ता भएको एक संस्था हो जसको संस्थापनाको मूल उद्देश्य भनेको गीत र गीतकारहरुको हितको पक्षमा काम गर्ने एवं गीति साहित्य र स्रष्टाको संरक्षण, सम्वर्धन तथा समग्र विकासको लागि यथा सम्भव प्रयास गर्नु नै रहेको छ ।

आफ्नो स्थापना कालदेखि नै अनवरत रुपमा गीति साहित्यको संरक्षण र सम्बर्धन एवं विकासका लागि यथेष्ठ प्रयासहरु गर्दै आउनुका साथै गीतकारहरुलाई यस संस्थाको एउटै छानामुनि एकतृत भई भाईचाराको सम्बन्ध स्थापित गराउन सफल भएको छ । गीति साहित्यका अनेकौ पहलहरुलाई सोध र अनुसन्धानका माध्यमबाट जान्ने बुझ्ने र सबैका समक्षमा प्रस्तुत गर्ने जस्ता कार्यहरु गर्दै आएको छ । स्रष्टाको सिर्जनाको उचित कदर र अधिकारका बारेमा व्यापक चेतना फैलाई तिनको उचित मूल्यांकनको पक्षमा अनवरत आवाज उठाउदै आएको पक्ष पनि यस यस गीतकार सङ्घ नेपालको अर्को महत्वपूर्ण उपलब्धि हो ।

साहित्यको महत्व प्रत्येक सामाजिक परिवेशमा भएको मानव सभ्यताको विकास र उन्नतिको आधारको रुपमा रहेको पाइन्छ भने यसको व्यापकताको कुनै



सिमा नै छैन । यो सर्बव्यापी रुपमा मानिसका मनका पत्र-पत्र देखि तनका धड्कन-धड्कनमा हरेक पल-पलमा यो मानव जीवनसँग आबद्ध छ । हरेक सेकेण्ड हामीमाथिको आकासमा प्रसारित ध्वनी संकेतहरुको समग्रतामा गीत-संगीतका संकेतको भाग वा मात्रा अन्य सबै संकेतहरुको तुलनामा निश्चित रुपमा अधिक छ । सामाजिक एकताको आधारवस्तुको रुपमा बुझिने संस्कृतिको पनि धरोहर हो गीत-संगीत । त्यसैले यो हरेक समाजमा सर्वसुलभ र सर्वस्वीकृत विधाको रुपमा स्थापित छ । मानव समाज, संस्कृति र सभ्यताको विकासक्रमको ईतिहासको ऐनाको रुपमा स्थापित गीतिसाहित्यको महत्वको वारेमा गरिने जतिसुकै लामो व्याख्या पनि कमै हुन्छ । आजको जस्तो विसम परिस्थितिमा राजनैतिक, सामाजिक वा पारिवारिक परिवेशमा मात्र नभएर आफू आफैमा पनि टुक्रिएको अवस्थामा पाइन्छ व्यक्ति । प्रत्येक व्यक्तिका मनोसामाजिक अवस्था उसको आफ्नो वैयक्तिक, उसको परिवारिक एवं सामाजिक परिवेशको उन्नतिको कारक हुने गर्दछ जसले समग्रतामा राष्ट्रिय उन्नतिसँग प्रत्यक्ष सरोकार राख्दछ । यस्तो मनोसामाजिक स्वास्थ्यको उर्जाको रुपमा रहेको गीत-संगितको संरक्षण, संवर्धन र विकास नै आजका मुख्य प्राथमिकताहरु मध्येको एक हुनुपर्छ भन्नेमा सायदै मात्र विमति होला ।

बाँकी पृष्ठ ६ मा

# नेपालगंजमा क्षेत्रीय गोष्ठी

कानून कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरु अदालत, प्रहरी निरीक्षक, सरकारी वकिल, भन्सार अधिकृतहरु तथा स्थानियस्तरमा रहेका साहित्यिक, कला, गीत, संगीत लगायतका स्रष्टा सर्जक, प्रस्तोता रेकर्डिङ संस्था तथा प्रतिलिपि अधिकार सम्बद्ध उद्योग व्यवसायीलाई एउटै मञ्चमा राखेर प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको व्यवस्था तथा सुधारका क्षेत्र बारेमा अन्तरक्रिया, छलफल गर्न आयोजना गरिएको "प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था तथा सुधारका क्षेत्र" विषयमा एक दिवसीय गोष्ठी नेपालगञ्जको स्नेह होटलमा आयोजना गरिएको हो । कार्यक्रममा ६४ जनाको सहभागिता रहेको थियो । कार्यक्रम दुई रुपमा विभाजन गरी सम्पन्न भएको थियो । पहिलो सत्र उद्घाटन सत्र तथा दोस्रो सत्र कार्यपत्र प्रस्तुति, टिप्पणी तथा छलफल रहेको थियो। उक्त कार्यक्रम संचालन, उद्घोषण, सहभागीहरुको नाम दर्ता लगायतका कार्यहरु नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका ना.सु. श्री दिपक कुमार दाहालले गर्नु भएको थियो ।

**कार्यक्रमको उद्देश्य:**

- प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार बारेमा भएका व्यवस्था सम्बन्धमा जानकारी गराउने
- प्रतिलिपि अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्था बारेमा सहभागिहरुलाई जानकारी दिने
- प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था बारे समिक्षा गर्ने
- स्थानिय स्तरमा भइरहेको प्रतिलिपि अधिकारको उपयोग तथा यसको उल्लंघन सम्बन्धमा जानकारी लिंदै सरोकारवालाहरुले निर्वाह गर्ने भूमिकाको बारेमा सचेतना बढाउने
- प्रतिलिपि अधिकारको उल्लंघन (piracy) ले श्रृजना गरेका समस्याहरु र त्यसका समाधानका उपायहरु बारे जानकारी दिने
- प्रविधिको विकासले प्रतिलिपि अधिकारको संरक्षणमा ल्याएको चुनौतीको बारेमा छलफल गर्ने
- सहभागिलाई Collective Management Organization को बारेमा जानकारी प्रदान गर्ने ।

कार्यक्रमको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि बांके जिल्ला अदालतका माननीय न्यायाधीश श्री हरि प्रताप के.सी.ज्यू ले गर्नुभएको थियो भने अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बाबुराम गौतमज्यूले गर्नुभएको थियो । उद्घाटन कार्यक्रममा बांके जिल्ला अदालतका श्रेस्तेदार श्री आत्मदेव जोशीज्यूले प्रतिलिपि अधिकारको बारेमा बांके जिल्लामा परेका मुद्दा र किनाराको सम्बन्धमा जानकारी दिनु भएको थियो ।

उद्घाटन सत्रमा आयोजक कार्यालयको तर्फबाट प्रमुख अतिथि, अतिथि, पत्रकार लगायत उपस्थित सम्पूर्ण सहभागीहरुलाई नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कानून अधिकृत श्री टंक बहादुर महतले स्वागत गर्दै कार्यक्रमका उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । उद्घाटन कार्यक्रममा रजिष्ट्रार श्री बाबुराम गौतमज्यूले मानवीय सृजनात्मक कार्यहरु बौद्धिक सम्पत्ति हुन्, धेरै भन्दा धेरै श्रृजनात्मक र आविष्कारमूलक काम भएमा मानव समाजको विकास हुने भएकोले यस्ता श्रृजना र आविष्कारलाई प्रोत्साहन गर्न बौद्धिक सम्पत्ति अधिकारको व्यवस्था अनुसार स्रष्टाको सृजना र आविष्कार उपर निश्चित समयावधिको लागि राज्यले एकाधिकार प्रदान गरेको हुन्छ । प्रतिलिपि अधिकारले मूलतः कुनैपनि प्रकारका रचना उपर स्रष्टाको अधिकार रहने हुंदा स्रष्टाको अनुमति नभई त्यस्तो रचनाको पुनरउत्पादन, विक्रि वितरण, प्रसारण तथा सार्वजनिक प्रस्तुति गर्न नपाइने कानूनी व्यवस्था रहेको जानकारी गराउनु भयो ।

स्वागत मन्तव्य पश्चात् कार्यक्रमका प्रमुख अतिथि बांके जिल्ला अदालतका माननीय मुख्य न्यायाधीश श्री हरि प्रताप के.सी.ले पानसमा द्विप प्रज्ज्वलन गरी कार्यक्रमको समुद्घाटन गर्नु भएको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बाबुराम गौतमज्यूले "प्रतिलिपि अधिकार ऐन, २०५९ का मूल्य प्रावधानहरु र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले गरेका बिभिन्न प्रकारका कार्यहरुका बारेमा विस्तृत रुपमा जानकारी गराउनु भएको थियो । सोही क्रममा बांके जिल्ला अदालतका श्रेस्तेदार आत्म देवी जोशीज्यूले बांके जिल्लामा प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी परेका मुद्दाहरुको सम्बन्धमा तथा मुद्दा अनुसन्धान प्रकृयाको बारेमा जानकारी गराउनु भएको थियो । कक्षा संचालनको क्रममा प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कानून अधिकृत टंक बहादुर महतज्यूले अन्तर्राष्ट्रिय कानूनमा प्रतिलिपि अधिकारलाई कसरी व्याख्या गरिएको तथा त्यसमा भएको व्यवस्थाको बारेमा जानकारी गराउनु भएको थियो । कक्षा संचालनको क्रममा अन्तमा रजिष्ट्रार बाबुराम गौतमज्यूले प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने निकायहरुको भूमिका र तिनीहरुले नेपालमा गरेका कार्यहरुको बारेमा जानकारी गराउनु भएको थियो ।

प्रस्तुतिकरणको समाप्तिपछि सहभागीहरुको जिज्ञासाहरुको समाधान गर्दै कार्यक्रमको अन्त्य पछि चियापान गरी कार्यक्रम समापन गरिएको थियो ।



### विश्व पुस्तक दिवस (अप्रिल २३)

## 'पुस्तक लेखन, प्रकाशन र प्रतिलिपि अधिकार' विषयक प्रवचन गोष्ठी

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र नेपाल राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक संघको संयुक्त आयोजनामा पुस्तक दिवस(अप्रिल २३) मनाउने सन्दर्भमा "पुस्तक लेखन,प्रकाशन र प्रतिलिपि अधिकार" विषयक प्रवचन गोष्ठी नेपाल प्रज्ञा प्रतिष्ठानको प्रवचन कक्ष, कमलादी काठमाडौं आयोजना गरिएकको थियो । सो कार्यक्रमको उद्घाटन साहित्यकार श्रीमती भुवन ढुङ्गानाज्यूले पानसमा बत्ती बालेर गर्नुभएको थियो भने सो प्रवचन गोष्ठीका प्रमुख अतिथिका रुपमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति श्री गंगा प्रसाद उप्रेति र सभाअध्यक्षमा पदम सिवाकोटी रहनुभएको थियो । कार्यक्रमा विभिन्न साहित्यकार, पुस्तक विक्रेता, प्रकाशक लेखक लगायतको सहभागिता रहेको थियो ।

उक्त गोष्ठीमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई स्वागत गर्दै सम्पूर्ण लेखक, पाठक र प्रकाशकको अप्रिल २३ मुख्य दिनका रुपमा रहेपनि सरोकारवालाको न्यून उपस्थिति रहेको कुरा उल्लेख गर्दै वर्तमान समयमा लेखकहरु बढेपनि आजको पुस्तक लेखन तथा प्रकाशन स्वस्थ्य प्रतिस्पर्धा नभएर त्यसमा विभिन्न विकृति र विसंगती आएकाले यसको नियन्त्रणका लागि सम्पूर्ण लेखक, प्रकाशक, वितरक एकजुट हुनुपर्ने कुरामा जोड दिनुभएको थियो ।त्यस्तै नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका निमित्त रजिष्ट्रार श्री टंक बहादुर महतज्यूले प्रतिलिपि अधिकारको विषयमा विषमा परिचय दिदैं प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको काम,कर्तव्य एवं अधिकारको विषयमा जानकारी गराउदैं भौतिक सम्पति भन्दा वौद्धिक सम्पति मूल्यवान हुने भएकाले त्यसको संरक्षण गर्नका लागि सम्पूर्ण स्रष्टा सर्जकहरु सचेत हुनुपर्ने कुरामा जोड दिनुभएको थियो । मन्तव्यकै क्रममा सो प्रवचन गोष्ठीका प्रमुख बक्ताका रुपमा रहनुभएकी श्रीमती भुवन ढुङ्गानाज्यूले वर्तमान समयमा नेपालमा लेखक साहित्यकारहरुको सिर्जना पर्याप्त नभएकोले यस क्षेत्रको विकासमा राज्यको भूमिका महत्वपूर्ण हुने कुरा उल्लेख गर्नुका साथै उहाँले वर्तमान समयमा लेखक र प्रकाशकवीचको सुमधुर सम्बन्ध नभएको हुँदा सो सम्बन्ध सुर्धानको लागि विभिन्न सचेतनामूलक अन्तरक्रिया गोष्ठी संचालन हुनुपर्ने र भएका कानूनको उचितरुपमा कार्यान्वयनमा जोड दिनुपर्ने कुरा व्यक्त गर्नुभएको थियो । त्यस्तै नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति श्री गंगा प्रसाद उप्रेतिज्यूले नेपालमा पर्याप्त मात्रामा पुस्तकहरुको लेखक र प्रकाशन भएपनि वितरण प्रभावकारी नहुँदा लेखक र प्रकाशकलाई वेफाइदा हुने भएकाले त्यसलाई अझ प्रभावकारीरुपमा अगाडि बढाउनुपर्ने मन्तव्य व्यक्त गर्नुभएको थियो साथै उहाँले लेखकको वौद्धिक सम्पतिको उचित संरक्षण गरी प्रतिलिपि अधिकार ऐनको प्रभावककारी कार्यान्वयनमा जोड दिनुभएको थियो ।

सो कार्यक्रममा भृकुटी एकेडेमी पब्लिकेशनद्धारा प्रकाशित एवं डा. विमल कुमार सुवेदीद्धारा रचित"किर्ते महाभारत"लाई वर्ष पुस्तक २०१५ प्रदान गरिएको थियो ।

## प्रहरी अधिकृतहरुलाई......




प्रतिलिपि अधिकारको उल्लंघन हुने गरी प्रयोग भएका सामान यन्त्र उपकरण आदि जफत हुने र यस्तो कार्यबाट रचयिता वा प्रतिलिपि अधिकारको धनीलाई पुगेको क्षतिको क्षतिपूर्ति समेत भराइ दिनुपर्ने कानूनी प्रावधान रहेको साथै प्रतिलिपि अधिकारको उल्लंघन सम्बन्धी मुद्दालाई सरकारवादी मुद्दाको रुपमा हेरिने र यसको अनुसन्धान तहकिकात गर्ने जिम्मा नेपाल प्रहरीका अधिकृतहरुलाई हुने भएको हुंदा प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने प्रहरी अधिकृतहरुलाई यस सम्बन्धी आवश्यक ज्ञान र शीप आवश्यक रहेको कुरा व्यक्त गर्नु भएको थियो । मन्तव्यका क्रममा वहांले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले यस किसिमको तालिम प्रदान गरी नेपाल प्रहरीका अधिकृतहरुलाई सक्षम बनाउनका लागि अहम भूमिका खेलिरहेकोले श्रष्टा सर्जक कलाकार तथा प्रतिलिपि अधिकार धनीको प्रतिलिपि अधिकार संरक्षण हुने भएकाले यस प्रकारको कार्यक्रमको सह्राहना गर्नु भएको थियो। प्रतिलिपि अधिकार धनीको हक र अधिकार संरक्षणका लागि मन्त्रालय सदैव क्रियाशिल रहने कुरामा जोड दिनु भएको थियो।

प्रहरी उपरिक्षक श्री तारिणी प्रसाद लम्सालले यस प्रकारको कार्यक्रम राष्ट्रव्यापी रुपमा गरिन सकिएमा आम जनमानसमा पनि प्रतिलिपि अधिकार भनेको एउटा प्रतिलिपि अधिकार धनीको जीवनभरको सम्पत्ति हो जसमा उसको मेहनत पसिना वगेको हुने जसको चोरी भएमा एउटा व्यक्तिको नगद तथा जिन्सी चोरिंदा जति मर्माहत हुन्छन् त्यो भन्दा पनि बढि मर्माहत हुने भएकोले व्यवहारिक रुपमानै प्रचलित ऐन कानून अनुसार प्रतिलिपि अधिकार उल्लंघन गर्ने व्यक्ति वा निकाय कानूनी कारवाहीको दायरामा आउनु पर्ने कुरा व्यक्त गर्नु भयो । मन्तव्यका क्रममा सहभागी नेपाल प्रहरीका अधिकृतहरुलाई विना डर त्रास मोलाहिजामा नलागि निष्पक्ष रुपमा कानून बमोजिम अनुसन्धान प्रकृयामा अगाडी बढ्न यस प्रकारको तालिम महत्वपूर्ण हुने भएकोले दुई दिने कार्यक्रमको प्रशंशा गर्नुभयो ।

मोरङ जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी श्री प्रेम प्रसाद लुइटेलले नेपाल प्रहरीले बिभिन्न प्रकारका घटना लगायत मानवीय उद्धार जस्ता कार्यमा सक्रिय रहनुपर्ने हुंदाहुंदै पनि प्रतिलिपि अधिकार उल्लंघनको घटनामा पनि पहिल्लो समयमा आएर निष्पक्ष रुपमा अनुसन्धान गर्नु तथा प्रतिलिपि अधिकारको कार्यान्वयन एउटा महत्वपूर्ण र चुनौतिपूर्ण क्षेत्र भएकोले यो जिम्मेवारी कुशलतापूर्वक पुरा गर्न यस किसिमको तालिमले सहयोग पुग्ने कुरामा जोड दिनु भएको थियो । तालिम कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बाबुराम गौतमज्यूले सम्पत्ति अन्तर्गत चल, अचल, बौद्धिक सम्पत्तिको चित्रण प्रस्तुत गर्दै मानिसको मष्तिष्कले श्रृजना गरेका सबैकुरा बौद्धिक सम्पत्ति हुन । बौद्धिक सम्पत्ति अधिकार पनि अन्य सम्पत्ति अधिकार जस्तै आफुखुशी उपयोग गर्न सकिने, अरुलाई उपयोग गर्न अनुमति दिन सकिने, स्वीकृति विना प्रयोग गर्न रोक लगाउन सकिने भन्दै बौद्धिक सम्पत्तिको वर्गीकरण गर्नु भएको थियो । वहांले प्रतिलिपि अधिकारको स्वामित्व कसलाई हुने, प्रस्तोताको अधिकार के कस्ता र कति हुने भन्ने बारेमा जानकारी गराउनु भयो । प्रतिलिपि अधिकार संरक्षणमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले अहम भूमिका खेल्दा खेल्दै पनि प्रविधिको विकास विस्तार अन्तर्राष्ट्रिय सन्धि सम्झौता र कानूनको पालनामा वेवास्ता गर्ने प्रवृत्ति र दण्डहिनता, राज्यको आर्थिक सामाजिक र सांस्कृतिक विकास नीतिभित्र प्रतिलिपि अधिकार व्यवस्थालाई प्राथमिकता नदिनु, स्रोत साधनको व्यवस्था र प्राविधिक क्षमताको विस्तार नहुनाले नेपालमा प्रतिलिपि अधिकार व्यवस्थापनमा चुनौतिहरु रहेका कुरा राख्नु भएको थियो ।

कार्यक्रममा प्रहरी नायव महानिरीक्षक महेश सिंह कठायतले नेपालमा हुने डिजिटल पाइरेसीको स्वरुप, डिजिटल पाइरेसी बढ्नुको कारणको चर्चा गर्दै सक्कली र नक्कली सिडिको मूल्यको तुलनात्मक विश्लेषण गर्नु भएको थियो । वहांले डिजिटल प्रविधि तथा इन्टरनेटको सञ्चालनको कारण प्रतिलिपि अधिकारको संरक्षण र व्यवस्थापनमा चुनौती रहेको हुंदा अनुसन्धान तथा तहकिकातमा नेपाल प्रहरीका अधिकृत प्रत्यक्ष रुपमा संलग्न हुनुपर्ने भएको हुंदा जसरी सूचना र प्रविधिको विकास हुंने जान्छ सोही अनुरुप नै नेपाल प्रहरीले आफुलाई update गर्न सक्नुपर्ने कुरामा जोड दिनुभयो । प्रविधिको विकासले गर्दा अपराध गर्ने व्यक्तिहरुलाई पनि प्रतिलिपि अधिकार उल्लंघनमा सहयोग पुऱ्याएको हुनाले प्रहरी अधिकृतहरु सजग रहनु पर्ने कुरा राख्नु भएको थियो । तालिम कार्यक्रममा कानून अधिकृत श्री टंक बहादुर महतज्यूले प्रतिलिपि अधिकार उल्लंघनलाई पूर्ण रुपमा नियन्त्रण गर्न नसकिएतापनि यसमा कमि आइरहेको कुरा राख्नु भएको थियो । प्रतिलिपि अधिकार उल्लंघन उपरको कानूनी उपचार सम्बन्धी ऐनको दफा २७ मा व्यवस्था भए बमोजिम कसैले दफा २५ बमोजिमको कार्य गरि प्रतिलिपि अधिकारको उल्लंघन गरेमा त्यस्तो उल्लंघन गर्ने व्यक्तिलाई कसुरको मात्रा अनुसार १० हजार रुपैया देखि १ लाखसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै सजाय हुने र दोश्रो पटक देखि पटकैपिच्छे २० हजार रुपैया देखि २ लाख रुपैयासम्म जरिवाना वा १ बर्षसम्म कैद वा दुबै सजाय हुनेछ र त्यसरी प्रकाशित वा पुनरउत्पादन गरेका वा पुनरउत्पादन गर्न प्रयोग गरिएका सामग्रीहरु जफत हुनुका साथै संरक्षित अधिकारको उल्लंघन गर्ने व्यक्तिबाट प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई परेको नोक्सानीको क्षतिपूर्ति समेत भराइ दिने कानूनी व्यवस्था रहेको कुरा राख्नु भएको थियो । तालिम कार्यक्रमको अन्तमा सहभागिहरुको जिज्ञासाका बारेमा समाधान गर्ने क्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार श्री बाबुराम गौतमज्यू, कानून अधिकृत टंक बहादुर महत, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री भरतमणि सुवेदी, प्रा. राज कुमार सुवाल रहनु भएको थियो ।

उक्त तालिम कार्यक्रममा प्रहरी नायव महानिरीक्षक महेश सिंह कठायत, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सह सचिव भरतमणि सुवेदीज्यू, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार बाबुराम गौतम, कानून अधिकृत टंक बहादुर महत, प्रा. राज कुमार सुवाले प्रशिक्षण दिनु भएको थियो ।

## रुपन्देही (भैरहवा-वुटवल) मा प्रतिलिपि अधिकार उल्लंघनको अनुगमन

पश्चिमाञ्चल क्षेत्र अन्तर्गत भैरहवा र वुटवलमा रहेका बिभिन्न पुस्तक पसलहरु, सि.डि पसलहरुको मिति २०७१।९ २४ र २५ गते अनुगमन गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापना भएको साल (२०६१) देखि हालसम्म जिल्ला प्रहरी कार्यालय मार्फत प्रतिलिपि उल्लंघनका सम्बन्धमा कुनैपनि उजुरी नपरेकोले सो सम्बन्धमा मुद्दा नचलाइएको र अनुगमनको क्रममा वुटवलमा रहेका पछाई बुक्स एण्ड स्टेशनरी सेन्टर, ज्ञानज्योती पुस्तक तथा स्टेशनरी सेन्टर, ॐ पुस्तक पसल, सत्यवति पुस्तक पसल, पाण्डे मोवाइल हाउस, धौलागिरी पुस्तक पसल, कालिगण्डकी बुक्स एण्ड स्टेशनरी वुटवल, गण्डकी मोवाइल, सन्तोष मोवाइल्स, के एण्ड के मोवाइल घर, Laptop Hospital, I Phone Repairing Center, वुटवलको अनुगमन गरी प्रतिलिपि अधिकार उल्लंघन नगर्न तथा नगराउन सचेत गराइएको र सोही दिन इलाका प्रहरी कार्यालय वुटवलमा गई वुटवलमा भएका प्रतिलिपि अधिकार हनन् सम्बन्धमा परेका उजुरीहरु सम्बन्धमा लिखित जानकारी माग गरिएको थियो। अनुगमनलाई समग्र रुपमा नियाल्दा अत्यन्त नगण्य मात्रामा उजुरी परेको पाइयो ।

## मध्यपश्चिमाञ्चलको ......

गीत-संगीतको संरक्षण गर्नु पहिरो जाने पाखा-पखेरामा बृक्षारोपण गर्नु जस्तै हो, जसले सामाजिक विखण्डनको रोकथाम मात्र गर्दैन बरु मनोसामाजिक वातावरणलाई हरियाली र रमणीयता पनि प्रदान गर्दछ अनि अन्ततः यसले व्यक्ति अनि उसको परिवारिक, समाजिक र राष्ट्रिय शान्तिको, खुशीयालीको, प्रगतिको एवं उन्नतिको आधार तयार पार्दछ ।

अन्तमाः यस्तो महत्वको विषयको उत्थानमा तल्लिन गीतकारहरुलाई समेट्दै जानु आवश्यक छ र यससँग प्रत्यक्ष सरोकार राख्ने आमसंचारका माध्यमहरु, कम्पनी, संस्था र निकायहरुसँग पनि आपसी सहयोगर सहकार्य गर्नुको विकल्प छैन। गीतकार सङ्घ नेपालले आफ्नो स्थायित्वको आधार तयार पार्दै गीत एवं गीतकारको विकासको लागि आफ्नो स्थापनाकालदेखि नै अविच्छिन्न रुपमा कार्य गरिरहेको छ र भोलिको दिनमा पनि यसलाई निरन्तरता दिई नै रहने छ। जसका लागि यस सङ्घले दिर्घकालिन योजना र तत्कालिन योजनाहरुको तय पनि गरिसकेको छ। सोही अनुरुप २०७१ फागुन १६ गते दाङको घोराहीमा मध्य र सुदुर पश्चिममा गीति लेखनमा सक्रिय स्रष्टाहरुलाई एउटै थलोमा आबद्ध गरी गीति लेखनका विषयमा बृहत छलफल गर्ने उदेश्यले बृहत स्रष्टा भेला कार्यक्रम सम्पन्न गरियो। दाङको घोराहीस्थित शहिद गेटमा सम्पूर्ण स्रष्टा भेला भई बाजा, गाजा र झाक्री सहित सुरु भएको स्रष्टाहरुको ऱ्याली नगर परिक्रमा गरी नगरपालिकाको हलमा प्रवेश गरेका थिए। उक्त पश्चात सुरु भएको कार्यक्रममा मध्य र सुदुर पश्चिमको गीति लेखन र साङ्गीतिक अवस्थाको बारेमा तयार गरिएको कार्यपत्र सङ्गीतकार सन्तोष श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो भने उक्त कार्यपत्र माथि बरिष्ठ गजलकार ललिजन रावलले टिप्पणी गर्नुभएको थियो। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति मा.सरुभक्त प्रमुख अतिथि रहनुभएको कार्यक्रममा वरिष्ठ गीतकार दिनेश अधिकारी, परशुराम अर्याल ,प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयका रजिस्ट्रार श्री बाबुराम गौतम, बरिष्ठ सञ्चारकर्मी तथा साहित्यकार नवराज लम्साल संगीत रोयल्टी संकलन समाज नेपालका महासचिव राई नविन, संगीतकार सङ्घ नेपालका अध्यक्ष लक्ष्मण शेष लगायतले कार्यक्रममा उपस्थित भई शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। गीतकार सङ्घ नेपालका अध्यक्ष श्री योगेन्द्रमणि दाहाल ज्यूको अध्यक्षतामा समपन्न कार्यक्रमको सञ्चालन सचिव राम भट्टराईले गर्नुभएको थियो। उपाध्यक्ष विपिन किरणले स्वागत मन्तव्य गर्नुभएको थियो भने महासचिव शुभ मुकारुङले कार्यक्रमको उदेश्य माथी प्रकाश पार्नुभएको थियो ।

## नेपाल प्रतिलिपि अधिकार .....

तथा उनीहरुको अधिकार र पारिश्रमिक, ध्वनि अङ्कन उत्पादनको अधिकार, प्रतिलिपि अधिकारको संरक्षण अवधि, प्रतिलिपि अधिकारका सिमाहरु, Fair use and Fair dealing, प्रतिलिपि अधिकारको व्यवस्थापन, रोयल्टी

सङ्कलन संस्थाको काम, प्रतिलिपि अधिकारको उलङ्घन, प्रतिलिपि अधिकारको कार्यान्वयन र कानुनी उपचार, दण्ड सजाय आदि विषयमा विस्तृत रुपमा उल्लेख गर्नुभएको थियो।

साथै कार्यक्रममा प्रतिलिपि अधिकार सम्बन्धी सैद्धान्तिक, कानूनी र व्यवहारिक विषयमा प्र. ना.उ. दिलिप घिमिरे र कानुन अधिकृत टंक बहादुर महतले समेत कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। खास गरी प्रतिलिपि अधिकार दर्ता प्रक्रिया, दर्ता हुन सक्ने र नसक्ने रचना, प्रतिलिपि अधिकार उल्लंघनका अवस्था, सो सम्बन्धमा हुने दण्ड सजाय, Digital Piracy, Limitation of Copyright, प्रतिलिपि अधिकारको खरिद विक्री गर्दा अपनाउनु पर्ने कार्यविधि, सम्झौता तथा संलग्न हुनुपर्ने कागजात लगायतका विविध विषयमा कार्यपत्रले समेटेको थियो।

अन्तरक्रिया कार्यक्रमका वक्ताहरुले आफ्नो अधिकारको खोजी आफैंले गर्नु पर्ने कुरामा जोड दिएका थिए। आफ्नो घरको समान हराउँदा प्रहरीलाई खवर गरे जस्तै गरी आफ्नो जुनसुकै बौद्धिक सम्पत्तिको चोरी वा पाईरसी हुँदा पनि प्रहरीलाई खवर गर्नु पर्ने अथवा प्रहरीमा उजुरी दिनु पर्ने यसो गरेमा मात्र सर्जक, श्रष्टा र प्रस्तोताहरुको हक अधिकार कायम रही प्रतिलिपि अधिकार ऐन र नियम बर्खिलाप कार्य गर्ने जो कोही पनि कारवाहीको भागी हुन जाने हुँदा प्रस्तोताहरुको अधिकार संरक्षण गर्न सकिने भन्ने आशय सबै बक्ताहरुले व्यक्त गर्नु भएको थियो।

त्यसै गरी सहभागीहरुले प्रतिलिपि अधिकारका सम्बन्धमा विविध प्रश्न गरेका थिए। उक्त प्रश्नहरुका सम्बन्धमा अन्तिम सत्रमा कार्यपत्र प्रस्तुत कर्ताहरुबाट संयुक्त रुपमा जवाफ दिइने कार्य भएको थियो। खास गरी निजी व्यवसायीहरुले यो कार्यक्रमबाट निक्कै ठूलो फाइदा भएको र आगामी दिन व्यवसायलाई गैर कानूनी प्रतिलिपि प्रयोग गर्नबाट जोगाउन सहयोग पुगेको भन्दै खुशी प्रकट गरेका थिए।

कार्यक्रममा प्रतिलिपि अधिकार कार्यान्वयनसंग सम्बन्धित सरकारी कार्यालय, अदालत, सरकारी वकिल कार्यालय, प्रहरी कार्यालय, जि.प्र.का. लगायतका प्रतिनिधि तथा निजी कम्प्युटर व्यवसायी, मोवाइल पसलका व्यवसायी, Download Centre का व्यवसायी तथा पुस्तक विक्रेता संघ, उद्योग संघ, वाणिज्य संघबाट ५० जना भन्दा बढीको सहभागिता भएको थियो ।



# 'प्रतिलिपि अधिकार कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु' विषयक गोष्ठी



प्रतिलिपि अधिकार उल्लंघनको घटनामा पर्याप्त रुपमा सरोकार तथा संलग्न रहने निकायहरु नेपाल प्रहरीका अधिकृतहरु, सञ्चार मन्त्रालयका प्रतिनिधि, कानून आयोग, सर्वोच्च बार एसोसिएसन, पुनरावेदन बार एसोसिएसन, कानून तथा न्याय मन्त्रालयका पदाधिकारीहरु, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका पदाधिकारी, काठमाडौं स्कूल अफ ल का प्राचार्य तथा विद्यार्थीहरु, नेशनल ल कलेजका प्राचार्य तथा विद्यार्थीहरु, नेपाल ल क्याम्पसका प्राचार्य तथा विद्यार्थीहरु, वाणिज्य कानून मञ्च नेपालका प्रतिनिधिहरु लगायत गरी करिव ६० जना उपस्थित "प्रतिलिपि अधिकार कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु" विषयक गोष्ठी नयां बानेश्वरस्थित मसला कटेजमा मिति २०७१-७-२९ मा आयोजना गरिएको थियो ।

प्रतिलिपि अधिकारको विषयमा स्वयं प्रतिलिपि अधिकारधनि, यसका प्रयोगकर्ता, व्यवसायी, कानून कार्यान्वियन गर्ने सरकारी निकायका जनशक्ति लगायतका आम नागरिकमा जानकारी कम भएको विद्यमान अवस्थालाई मध्यनजर गरि प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट छलफल अन्तरक्रियात्मक गोष्ठी, बजार अनुगमन लगायत तालिम कार्यक्रम सञ्चालन हुंदै आएको छ । मानव सद्दुदायबाट उत्पादित तथा सृजित वौद्धिक सम्पत्तिका दुइपाटा मध्ये एकपाटो प्रतिलिपि अधिकारमा गीत, संगीत, श्रृजना, श्रव्यदृश्य आदि जस्ता विषयमा सुक्ष्म रुपमा अध्ययन गरि साहित्यकार, कलाकार तथा आम नागरिक विच प्रतिलिपि अधिकार संरक्षणका लागि समन्वयात्मक भूमिका खेल्दै आएको छ ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बाबुराम गौतमज्यूले गोष्ठीमा उपस्थित सबैलाई स्वागत गर्नुभएको थियो । मन्तव्यका क्रममा प्रतिलिपि अधिकार एवं समग्र वौद्धिक सम्पत्तिको अधिकार व्यवस्थालाई आर्थिक प्राविधिक विकासको एउटा मेरुदण्डको रुपमा हेरिने भएको हुंदा प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको काम प्रभावकारी बनाउन सम्पूर्ण सरोकारवाला निकाय लाग्नुपर्ने कुरा राख्नु भएको थियो । वहांले प्रतिलिपि अधिकार र Related Right (सम्बन्धित अधिकार) माथि प्रकास पार्दै प्रतिलिपि अधिकारको हस्तान्तरण कुन कुन अवस्थामा कस-कसलाई दिन मिल्ने हो, प्रतिलिपि अधिकारको उल्लंघन भएमा ऐनमा भएको दण्ड सजायको बारेमा जानकारी गराउनु भएको थियो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय अन्तर्गत दर्ता भएको CMO's, प्रस्तोता समाज नेपाल, संगीत उत्पादक समाज, म्यूजिक रोयल्टी संकलन समाज रहेको र उल्लेखित संस्थाहरुले रोयल्टी व्यवस्थापन गर्ने र प्रतिलिपि अधिकार संरक्षणमा जनचेतनामूलक कार्यक्रम गर्दै आएको कुरा व्यक्त गर्नु भएको थियो ।

उक्त कार्यक्रममा वरिष्ट अधिवक्ता सज्जनवर सिंह थापाले "प्रतिलिपि अधिकार संरक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा गरिएका प्रमुख व्यवस्थाहरु" सम्बन्धमा प्रस्तुती राख्नु भएको थियो । अन्तर्राष्ट्रिय जगतमा प्रतिलिपि अधिकार संरक्षण गर्न भएका सन्धि सम्झौता हुंदै साहित्यिक तथा कलात्मक रचनाहरुको संरक्षण गर्न बनेको वर्न महासन्धीको स्थापना साथै यस संस्थासंग आवद्ध राष्ट्रहरुले आफ्नो देश अनुकुल कानून बनाई प्रतिलिपि अधिकार संरक्षण गर्न महत्वपूर्ण योगदान पुऱ्याएको बारेमा प्रष्ट पार्नु भएको थियो । प्रतिलिपि अधिकार संरक्षणका लागि विश्व परिवेशमा भएको ऐतिहासिक पृष्ठभूमि के कस्ता रहेका छन्, त्यस्तै गरी वर्न कन्भेन्सनले साहित्यिक र कलात्मक वस्तुहरुको संरक्षण गर्ने उद्देश्य अनुरुप आएको वर्न महासन्धीले प्रस्तुती, ध्वनिअंकन, उत्पादन र प्रसारण संस्थाको अधिकारको बारेमा संरक्षण नगरेको हुंदा सन् १९६० मा रोम महासन्धी भएको कुरा राख्नु भएको थियो ।

कार्यक्रममा प्रहरी नायव महानिरीक्षक महेश सिंह कठायतज्यूले प्रविधिको विकास संगसंगै यसबाट प्राप्त गरिने सुविधाहरु र निम्त्याएका चुनौतीहरुको बारेमा प्रकाश पार्नु भएको थियो । दिनानुदिन विकास हुंदै गएको प्रविधिले चोरी (Piracy) पनि बढ्दै गइरहेको कुरा राख्नु भएको थियो । Digital प्रविधिले गर्दा Piracy गर्ने क्षेत्रमा लागेका व्यक्तिहरुले सजिलैसंग लाखौं करोडौं प्रतिलिपि अधिकार धनिहरुको सम्पत्ति (वौद्धिक) केही सेकेन्डमै Share गरिदिन सक्ने भएकोले रचनाकारलाई ठूलो मात्रामा आर्थिक तथा वौद्धिक रुपमा क्षति पुगेको कुरा व्यक्त गर्नु भयो । Text, Film script संगीत एउटा सानो DVD, Pen Drive, घडिमा जडित storage मा राख्न सकिने भएकोले Piracy control मा ठूलो चुनौती रहेको कुरा व्यक्त गर्नु भएको थियो । piracy गर्ने व्यक्ति प्रविधिको उपयोगको सन्दर्भमा एक कदम अगाडी रहने भएकोले कानून कार्यान्वयनमा प्रत्यक्ष रुपमा सरोकार राख्ने प्रहरीहरुलाई तालिमको माध्यमबाट update गराई रहनु पर्ने कुरा प्रस्तुतिकरणमा राख्नु भएको थियो ।

तालिम कार्यक्रममा प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बाबुराम गौतमज्यू, प्रहरी नायव महानिरीक्षक महेश सिंह कठायत, कानून अधिकृत टंक बहादुर महत, प्रा.डा. बल बहादुर मुखियाले प्रस्तुतीकरण राख्नु भएको थियो । प्रस्तुतिकरण सम्पन्न भएपछि कार्यक्रममा सहभागीहरुले सोधेका प्रश्नहरुको जवाफ सम्बन्धित प्रस्तुतकर्ताले दिनु भएको थियो ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोध

साहित्य, संगीत, कला, नाटक, चलचित्र, गायन, नृत्य, अभिनय, फोटोग्राफी, आर्किटेक्ट डिजाइन, टोपोग्राफी नक्सा, कम्प्युटर प्रोग्राम, ज्ञानविज्ञान तथा प्रविधि र मौलिक एवं बौद्धिक रुपले सिर्जना भएका प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारको संरक्षणका लागि प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली २०६१ रहेको छ । प्रतिलिपि अधिकार ऐनले अधिकार धनीको आर्थिक तथा नैतिक अधिकार संरक्षण गर्नुका साथै संरक्षित अधिकारको उल्लंघन भएमा पहिलो पटक भएमा कसुरको मात्रा अनुसार दश हजार देखि एकलाख रुपैयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुने र दोस्रो पटक देखि पटकै पिच्छे बीस हजार देखि दुईलाख रुपैयासम्म जरिवाना वा एकबर्ष कैद वा दुवै सजाय हुने तथा अनधिकृत रुपमा प्रयोग गरिएका त्यस्ता सामग्रीहरु जफत हुने व्यवस्था समेत गरेको छ । अनाधिकार प्रतिलिपिहरुको पैठारी गरेमा त्यस्तो सामग्री जफत गरी कसुरको मात्रा अनुसार दश हजार देखि एकलाख रुपैसम्म जरिवाना हुने र प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई त्यस्तो पैठारीबाट भएका नोक्सानीको क्षतिपूर्ति समेत पैठारी गर्ने व्यक्तिबाट गराई दिने व्यवस्था छ ।

अधिकार स्थापित भएका रचना रेकर्ड भएका क्यासेट, सि.डी. लगायत श्रव्य दृश्य रचना र गायन, वादन, नृत्य, अभिनय जस्ता सिर्जनाहरुको अनुमति विनाको प्रयोग गैरकानूनी र दण्डनीय हुने हुंदा आफ्नो हक नपुग्नेले अरुले सिर्जना गरेका मौलिक रचना, सिर्जनाहरुको अनधिकृत उत्पादन, विक्री वितरण, सार्वजनिक सञ्चार भाडामा दिने, रचनाको अनुकरण गरी विज्ञापन वा प्रचार प्रसार गर्ने जस्ता कार्य गर्दा सम्बन्धित स्रष्टाको सहमति विना नगर्न नगराउन आग्रह गर्दै सिर्जनाको प्रयोग गर्दा सहमतिमा गर्ने गराउने वातावरण तयार गर्न समस्त अधिकार धनी, व्यवसायी, प्रयोगकर्ता एवं सर्वसाधारण उपभोक्ता समक्ष नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

## रोयल्टी व्यवस्थापन सम्बन्धी समिति गठन

कला (संगीत, चलचित्र, लेखन) उद्योगलाई स्थापित गर्दै स्रष्टा, कलाकार एवं लेखकको हक, अधिकार एवं गौरवलाई प्रवर्द्धन गर्न सृजित कला (संगीत, लेख लगायत) को सार्वजनिक प्रयोगकर्ताबाट रोयल्टी उपलव्ध गराउने सम्बन्धमा व्यवस्थापिका संसद समितिको मिति २०७१।८।३ मा भएको निर्णयानुसार कार्यान्वयन गने सन्दर्भमा रोयल्टी व्यवस्थापन सम्बन्धी संयन्त्र निर्माण गर्नको लागि नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय (सचिव स्तर) को मिति २०७१।१०।८ को निर्णयानुसार देहाय बमोजिमको समिति गठन भएको छ ।


| | | |
|---|---|---|
| १. | सह सचिव, सञ्चार महाशाखा, सूचना तथा सञ्चार मन्त्रालय | संयोजक |
| २. | उप सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. | रजिष्ट्रार, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | सदस्य |
| ४. | अध्यक्ष, संगीत रोयल्टी संकलन समाज | सदस्य |
| ५. | उपसचिव (कानून), सूचना तथा सञ्चार मन्त्रालय | सदस्य-सचिव |

## नयां रजिष्ट्रार नियुक्त



संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्णयानुसार नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको रजिष्ट्रारमा बाबुराम गौतम मिति २०७१।६।१ देखि नियुक्त हुनु भएको छ। निजामती सेवामा लामो अवधि व्यतित गर्नु भएका गौतम यसअघि संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय अन्तर्गत कार्यरत हुनुहुन्थ्यो ।

## २०७२ असार २० सम्मको रचना दर्ता




जम्मा रचना दर्ता १३०४

## कलाकारहरूलाई परिचय पत्र उपलव्ध गराउन समिति गठन

कलाकारहरुलाई परिचयपत्र उपलब्ध गराउने सम्बन्धमा व्यवस्थापिका संसद विकास समितिको मिति २०७१।८।३ मा भएको निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा आवश्यक पर्ने मापदण्ड निर्धारण गर्नको लागि नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय (सचिव स्तर) को मिति २०७१।१०।८ को निर्णयानुसार देहाय बमोजिमको समिति गठन भएको छ।

| | | |
|---|---|---|
| १. | सह सचिव, सञ्चार महाशाखा, सूचना तथा सञ्चार मन्त्रालय | संयोजक |
| २. | सदस्य-सचिव वा प्रतिनिधि, नेपाल संगित तथा नाट्य प्रज्ञा प्रतिष्ठान | सदस्य |
| ३. | सदस्य-सचिव वा प्रतिनिधि, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | सदस्य |
| ४. | सदस्य-सचिव वा प्रतिनिधि, नेपाल प्रज्ञा प्रतिष्ठान | सदस्य |
| ५. | अध्यक्ष वा प्रतिनिधि, चलचित्र विकास वोर्ड | सदस्य |
| ६. | रजिष्ट्रार, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | सदस्य |
| ७. | उपसचिव (कानून), सूचना तथा सञ्चार मन्त्रालय | सदस्य-सचिव |

### सम्पादकीय

## प्रतिलिपि अधिकार

साहित्य, कला, ज्ञानविज्ञान, सूचना प्रविधि तथा अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रुपले सिर्जना गरिएका रचना तथा ध्वनिअंकन, प्रस्तुति र प्रसारण जस्ता क्षेत्रमा स्रष्टालाई कानूनद्वारा प्रदान गरिने एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ। बौद्धिक सिर्जनाको उत्पादन, अंकन र विच्छेदन जस्ता कार्यमा प्रत्यक्ष रुपले संलग्न रही सिर्जनालाई जनसाधारण समक्ष पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने अधिकारधनीलाई तत्सम्बन्धी अधिकार (Related Rights) प्राप्त हुन्छ जसलाई Neighboring rights पनि भनिन्छ। साहित्यिक, साङ्गीतिक, कलात्मक नक्सा तथा प्राविधिक चित्र, फोटोग्राफी, चलचित्र, कम्प्युटर प्रोग्राम, मल्टिमिडिया उत्पादन जस्ता सिर्जनामा स्रष्टाको प्रतिलिपि अधिकार संरक्षण हुन्छ। स्रष्टा तथा साधकहरुको असिमित कल्पना, गहन सोचाइ र निरन्तर बौद्धिक प्रयासबाट मात्र सिर्जनाको उत्पत्ति हुन्छ। स्रष्टाहरुलाई उनीहरुको सिर्जना माथिको आर्थिक र नैतिक अधिकारको सुनिश्चितता प्रदान गरी उनीहरुको सिर्जनशीलता र मानवीय क्षमतालाई प्रोत्साहन र प्रेरणा दिंदा समाजको आर्थिक तथा सामाजिक विकासमा मद्दत पुग्दछ।

अन्तर्राष्ट्रिय स्तरमा सबैभन्दा पहिला भएको सन् १८८६ को वर्न महासन्धी प्रतिलिपि अधिकार संरक्षण सम्बन्धी कानूनको प्रमुख आधार हुने गरेको छ। यस वर्न महासन्धीलाई जनवरी ११, २००६ देखि नेपालले समेत अनुमोदन गरिसकेको छ। नेपाल सन् १९९७ मा विश्व बौद्धिक सम्पत्ति संगठन र सन् २००४ अप्रिल २३ मा विश्व व्यापार संगठनको समेत सदस्य भैसकेको छ। नेपालमा चाहिं बि.सं. २०२२ सालमा प्रतिलिपि अधिकार ऐन तर्जुमा भई पुनः २०५९ मा नयां प्रतिलिपि अधिकार ऐन र २०६१ मा नियमावली तर्जुमा भएको छ। बि.सं. २०६१ सालमा यस सम्बन्धी कार्य गर्न नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापना भए पश्चात् सिर्जनाको संरक्षण क्षेत्रमा उल्लेखनीय कार्यहरु हुँदै आएका छन्।

प्रतिलिपि अधिकार संरक्षणको क्षेत्रमा योगदान पुऱ्याउने क्रममा यस कार्यालयले सीप विकास तथा क्षमता अभिवृद्धि तालिमहरु आयोजना गर्दै (यस क्षेत्रका सरोकारवाला निकायका कर्मचारीहरुलाई) आएको छ। त्यस्तै बिभिन्न गोष्ठी, अभिमूमिकरण प्रचार प्रसार तथा अन्तरक्रियात्मक कार्यक्रम संचालन गरी जनचेतना अभिवृद्धि गर्ने काम निरन्तर गर्दै आएको छ। यस क्षेत्रसंग सम्बन्धी जनशक्तिलाई सबल तथा प्रभावकारी बनाउने हेतुले सशक्तिकरण तालिमहरु संचालन गर्ने कार्यहरु भैरहेका छन् ।

बिभिन्न प्रचार प्रसारका माध्यम जस्तै वुलेटिन, फ्लेक्स वोर्ड, श्रव्य तथा श्रव्य दृश्य सामाग्री, ब्रोसर, पर्चा, पम्प्लेट आदिको प्रकाशन वितरण तथा प्रशारण गरी चेतनामूलक प्रचारप्रसादका क्रियाकलाप समेत सफलतापूर्वक संचालन गर्दै आएको छ। साथै यस क्षेत्रको सुधार गर्ने हेतुले विद्यमान ऐन परिमार्जन गरी समयसापेक्ष ऐन कानून निर्माणका कार्य गर्ने, प्रतिलिपि अधिकार एवं बौद्धिक सम्पत्ति सम्बन्धी शोधपत्र लेखन तथा अध्ययन गर्ने लगायतका कार्य समेत यस कार्यालयबाट निरन्तर हुने गरेको छ। प्रतिलिपि अधिकार संरक्षणका क्षेत्रमा योगदान पुऱ्याई राष्ट्लाई सहयोग गर्ने संस्थाहरुसंग सहकार्यमा बिभिन्न कार्यक्रमहरुमा सहयोग गरी त्यस्ता संस्थाहरुलाई प्रोत्साहन दिने कार्यहरु हुंदै आएका छन्। यसरी नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले प्रतिलिपि अधिकार संरक्षणको क्षेत्रमा हरेक पाटाको आवश्यकता हेरी तदनुसारका कार्यक्रमहरु संचालन गर्दै यस क्षेत्रलाई जनसमुदाय माझ स्पष्ट रुपमा चिताउने प्रयास उल्लेखनीय रुपमा गर्दै आएको छ। सबै क्षेत्रमा झैं प्रतिलिपि अधिकार संरक्षणको क्षेत्रमा समेत हाम्रो देश अन्य विकसीत मुलुकको तुलनामा निकै पछाडी रहेको विद्यमान अवस्थामा केहि प्रयास यस कार्यालय लगायतका केहि अन्य संस्थाले गर्दै आएतापनि अझै पनि यस विषयका बारेमा प्रायः सबै अनविज्ञ नै देखिने गरेको पाइएको छ। सरोकारवाला निकाय, श्रष्टा तथा संलग्न सृजनाकार पनि कतिपय कुरामा पूर्ण जानकारीबाट वञ्चीत रहेको अवस्था देखिएको छ। तसर्थ नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले गर्दै आस्का, सशक्तिकरण, जनचेतना, प्रचारप्रसाद, अनुगमन, अध्ययन, सिप विकास लगायतका कार्यलाई अझै वृहत रुपमा लैजानु पर्ने र यस क्षेत्रका सम्पूर्ण सरोकारवाला निकायलाई अझै प्रभावकारी बनाइनु पर्ने खांचो देखिएको छ। तसर्थ बढि भन्दा बढि सहभागी सम्मिलित गराई हरेक कार्यक्रमलाई वृहत्तर रुपमा सञ्चालन गरी कम्तीमा पनि यसको बारेमा सुनेको सम्म हुने बनाउन सक्नु नै आजको आवश्यकता रहेको छ ।

**Nepal Copyright Registrar's Office**
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट निःशुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित। प्रिन्टिङ्ग : सगुन प्रिन्टिङ्ग प्रेस, टेकु।